# वैष्णव धर्मको इतिहास र फर्पिङ्का शिखरनारायण

–उद्धव आचार्य

## वैष्णव धर्मको उद्भव र विकास

हिन्दू त्रिविध (शैव, शाक्त र वैष्णव) धर्ममध्ये वैष्णव धर्म एउटा लोकप्रिय एवं प्रभावकारी धर्म हो। आर. जी. भण्डारकका अनुसार वैदिक देवता विष्णु, दार्शनिक देवता नारायण र ऐतिहासिक देवता सात्वत एवं वृष्णिनायक कृष्णको संयोजनको परवर्ती विकसित रूप नै वैष्णव धर्म हो।[1]

वैष्णव धर्मको प्राचीनता खोज्दै जाँदा हामी ऋग्वेदमा पुग्दछौं। ऋग्वेदको प्रथम मण्डलको पाँचौं अध्यायको २३ सूक्तकको १६ औंदेखि २१ औं मन्त्रसम्म विष्णुकै वैभवको वर्णन गरिएको छ। यस बाहेक ऋग्वेदका अन्य सूक्तकहरूमा पनि विष्णुको विषयमा उल्लेख छ। ऋग्वेदमा अति विस्तृत एवं गतिशील किरणहरू भएको एउटा ज्योतिपुञ्जको रूपमा विष्णुको उल्लेख गरिएको छ।[2] यसै गरी विष्णुको स्थानलाई देवभक्त पुरुषहरूले आनन्द प्राप्त गर्ने परम पद र अमृतको निर्झर भनिएको छ।[3] विष्णुको त्यस परम पदलाई तत्त्वज्ञानीहरू सदा चिन्तन गरिरहने र विश्वको चक्षुको रूपमा पनि उल्लेख भएको छ।[4] ऋग्वेदमा विष्णुको तीन पदले विश्वलाई ढाक्ने[5], तीन पदबाट विचक्रमण गर्ने, गो (विश्व) का पालक, अदाम्य (दबाउन नसकिने) र धर्मलाई धारण

१) आर. जी. भण्डारकर–'वैष्णव, शैव और अन्य धार्मिक मत'', माहेश्वरीप्रसाद, (अनु.) प्रथम संस्करण, (वाराणसी: भारतीय विद्या प्रकाशन, इ १९७७), पृष्ठ ४०।

२) अत्राह तदुरूगायस्य वृष्ण परमं पद भवत् माति भूरि ।।
ऋग्वेद प्रथम मण्डल, अ. २१, सू १५४, मन्त्र ६।

३) विष्णी पदे परमे मध्व उत्स
त्यही, मन्त्र ५।

४) तद्विष्णो : परमं पदं सदा पश्यन्ति सूरय। दिवीव चक्षुराततम
त्यही, अ. ५, सू २२, मन्त्र २०।

५) इदं विष्णोर्विचक्रमे त्रेधा निसधे पदम। समूलहमस्य पांसुरे
त्यही, सू २३, मन्त्र १७।

गर्ने पनि भनिएको छ ।[6]

ऐतरेय ब्राह्मणमा अग्निलाई तुच्छ, विष्णुलाई परम र अन्य देवताहरूलाई ती दुईको बीचको मानिएको छ ।[7] यही कुरा काठक संहितामा पनि दोहोरिएको छ ।[8] गोपथ ब्राह्मणमा अग्निर्वै सर्व देवता, विष्णुर्यज्ञ भनिएको छ ।[9] ऐतरेय ब्राह्मणका विष्णुर्वै यज्ञ, विष्णुर्वै देवानाम द्वापर भनिएको छ ।[10] पौराणिक ग्रन्थको मूलरूप शतपथ ब्राह्मणलाई मानिन्छ ।[11] यस ग्रन्थमा यज्ञो वै विष्णु भनिएको छ[12] र विष्णुले वामन अवतार लिएको उल्लेख गरिएको छ ।[13]

शतपथ ब्राह्मणमा नारायणको उल्लेख आएको छ । जस अनुसार नर नामक एक ऋषि कुलमा नारायणको जन्म भएको थियो । नरनारायण सूर्योपासनाका समर्थक थिए । पछि सौर्य देवता विष्णुसंग यसको तादात्म्य भयो ।[14] महाभारतका अनुसार नारायण द्रविण मूलका थिए, जसको नामको रचना तीन द्रविण शब्द नार, अय् र अन्को योगबाट भएको छ । यसको प्रथम खण्ड 'नार' को सम्बन्ध द्रविण 'नार' संग जोडिएको छ, जसको अर्थ जल हुन्छ । दोस्रो खण्ड 'अय्' को अर्थ कुनै स्थानमा शयन गर्नु र 'अन्' पुरुष वाचक शब्द हो । यसबाट यो नाम समुद्रमा निवास गर्ने देवताको लागि प्रयोग भएको अनुमान हुन्छ ।[15]

तैतरीय आरण्ड्यकको अन्तिम प्रपाठमा नारायण, विष्णु र वासुदेवको तादात्म्यको राम्रो उदाहरण पाइन्छ ।[16] महाभारतकालमा आएर वासुदेव कृष्णसंग विष्णुको तादात्म्य भएपछि वैष्णव धर्मको लोकप्रियता र प्रभावकारितामा विस्तार भयो । महाभारत भीष्म पर्वमा वासुदेवलाई साक्षात् विष्णु भनिएको छ ।[17] शान्ति

६) त्रिणिपदा विचक्रमे विष्णु गोपा अदाम्य अतो धर्माणि धारयन
त्यही, अ. ३, सू. २२, मन्त्र १८ ।

७) गंगाप्रसाद उपाध्याय– (अनु.) "ऋग्वेदीय ऐतरेय ब्राह्मण, प्रथमवार, (प्रयाग : हिन्दी साहित्य सम्मेलन, वि. सं २००६), पृष्ठ १७ ।

८) मंगलदेवजी शास्त्री– वैदिक वाङमय मे विष्णु देवताका स्वरूप, "कल्याण", वर्ष ४७, अङ्क १, सन् १९७३, पृष्ठ ८६ ।

९) त्यही, पृष्ठ ८६ ।

१०) त्यही, पृष्ठ ८६ ।

११) वासुदेव उपाध्याय–"प्राचीन भारतीय मूर्ति विज्ञान", प्रथम संस्करण, (वाराणसी : चौखम्वा संस्कृत सिरिज २०२६) पृष्ठ ९९ ।

१२) मुन्सीरामजी शर्मा 'सोम',—वैदिक विष्णु, "कल्याण", वर्ष ४७, संख्या १, सन् १९७३, पृष्ठ १०३ ।

१३) उपाध्याय, उही, नं. (११), पृष्ठ ९९ ।

१४) सुविरा जायसवाल–"वैष्णव धर्मका उद्भव और विकास", अनन्तलाल चौधरी, (अनु.) प्रथम संस्करण (दिल्ली: भारतीय इतिहास अनुसन्धान परिषद, सन् १९७६), पृष्ठ ३४ ।

१५) त्यही, पृष्ठ ३४ ।

१६) नारायणाय विद्महे वासुदेवाय धिमहि तन्नो विष्णु प्रचोदयात्
सहि कृष्णावतारे वसुदेवस्य पुत्र स्याद् वासुदेवः ।
तै. आ. १०–१६ ।

१७) भण्डारकर, उही, नं (१), पृष्ठ ३९ ।

पर्वमा नारायण र विष्णुबीच अनन्य स्थापित गरिएको छ ।[18] नारायणीय खण्ड र तैतरिय आख्यकमा नारायण, विष्णु र वासुदेव कृष्णमा अभेद बताइएको छ । शतपथ ब्राह्मणमा प्रजापति ब्रह्माद्वारा लिएका अवतारहरू महाभारतको नारायणीय खण्डमा आएर विष्णुसंग सम्बन्धित गराइएको छ ।[19] गीतामा सबै धर्मलाई छोडेर मेरो भजन गर भनिएको छ ।[20] यसबाट महाभारतकालीन वैष्णव धर्मको बढ्दो लोकप्रियता र प्रभुत्वबारे राम्ररी थाहा पाउन सकिन्छ तापनि भृगुवंशी ब्राह्मण उट्टंक वासुदेवलाई श्राप दिन तत्पर भएको र शिशुपालद्वारा कृष्ण निन्दा भएको देखिएबाट त्यसबेलासम्म वैष्णव धर्मले पूर्णरूपले सर्वव्यापकता ओगट्न नसकेको देखिन्छ ।[21]

वैष्णव धर्मको अभाव पौराणिककालमा आएर परिपूर्ति भयो । वायुपुराण (२४-१-३०) अनुसार प्रलयकालमा एकमात्र विष्णुको सत्ता बाँकी रहन्छ । पद्म पुराण (उत्तरा खण्ड, अध्याय २८२) अनुसार त्रिदेवमा विष्णु सर्वोच्च छन् ।[22] विष्णुपुराणमा कृष्णलाई विष्णुको अवतार मानिएको छ तर भागवतपुराणमा कृष्णास्तु भगवान् स्वयं भनिएको छ । भागवतपुराण (१-१८-५१) मा ब्रह्माले विष्णुको पद पक्षालन र शिवद्वारा गंगाजलको रूपमा आफ्नो मस्तकमा धारण गरेको उल्लेख छ ।[23] यसरी भागवतकालमा आएर वैष्णव धर्मले परिपूर्णता कायम गरेको देखिन्छ ।

यसरी ऋग्वैदिककालमा अपेक्षाकृत गौण स्थितिमा रहेका विष्णुले उपनिषदिक एवं ब्राह्मणकालमा आफ्नो महत्त्व निरन्तर अभिबृद्धि गरी महाकाव्य एवं पौराणिककालमा आएर पूर्ण प्रतिष्ठा कायम गरेको देखिन्छ ।

वैष्णव बाहेक अन्य ग्रन्थमा पनि वैष्णव धर्मको चर्चा पाइन्छ, जुन कुरा वैष्णव धर्मको विकासक्रमको मूल्यांकन गर्न उपयुक्त छ । इ. पू. ४ शताब्दी ताकाको मानिएको निर्देशको पाली बौद्धग्रन्थमा वासुदेवको र बलदेवको उल्लेख पाइन्छ ।[24] मनुस्मृतिमा नारायणलाई विश्वको श्रष्टा मानिएको छ ।[25] पातञ्जलीको महाभाश्यमा वासुदेव विष्णु एवं सम्बद्ध देवताको विषयमा महत्त्वपूर्ण जानकारी पाइन्छ ।[26] 'चरक' संहिता एवं 'सुश्रुत' संहितामा केही रोगका मन्त्रहरू दिइएका छन्, जुन विष्णुसंग सम्बन्धित छन् ।[27] भाषको 'वालचरित' नाटकमा वासुदेव कृष्णको शैशव अवस्थाको चित्रण गरिएको छ ।[28] यसबाट तत्कालीन जनमानसमा वैष्णव धर्मको लोकप्रियता स्पष्ट हुन्छ । कौटिल्यले नगर निर्माण गर्दा अप्रतिहरा (विष्णु) मन्दिर पनि शहरभित्र बनाउनु

१८) त्यही, पृष्ठ ३७ ।
१९) उपाध्याय, उही, नं. (११), पृष्ठ ७८ ।
२०) सर्व धर्मान्परित्यज्य मामेकं शरणं व्रज
श्रीमद्भागवत गीता, अध्याय १८, श्लोक ६४ ।
२१) भण्डारकर, उही, नं. (१), पृष्ठ ३९-४० ।
२२) उपाध्याय, उही, नं. (११), पृष्ठ ७७ ।
२३) त्यही, पृष्ठ ७८ ।
२४) भण्डारकर, उही, नं. (१), पृष्ठ ४ ।
२५) "मनुस्मृति"- रणधीर बूक सेल्स, हरिद्वार, द्वितीय संस्करण, सन् १९८८, पृष्ठ ११-१२ ।
२६) जायसवाल, उही, नं. (१४), पृष्ठ २० ।
२७) त्यही, पृष्ठ २२ ।
२८) त्यही, पृष्ठ २१ ।

पर्ने कुरा उल्लेख गरेका छन् ।[29]

पुरातात्त्विक दृष्टिकोणले हेर्ने हो भने पनि वैष्णव धर्मको इतिहास इसापूर्व दोस्रो शताब्दीसम्म पुग्दछ। इसापूर्व द्वितीय शताब्दीको वेसनगर अभिलेखमा वासुदेवको सम्मानमा राखिएको गरुडध्वजको विषयमा वर्णन गरिएको छ। यो गरुडध्वज यवन राजदूत भागवत होलियोदोरसले स्थापना गरेका हुन् ।[30] इसापूर्व प्रथम शताब्दीको वेसनगरकै अर्को अभिलेख अनुसार नवौं सुंगराजा भागवतको समयमा गौतमी पुत्र भागवतले वासुदेवको सुन्दर मन्दिर बनाई गरुडध्वज स्थापना गरेका थिए ।[31] इसापूर्व प्रथम शताब्दीको घोषाण्डी अभिलेखमा पारासारी पुत्र भागवत सर्वतातले संकर्षण, वासुदेवको पूजा स्थान वरिपरि ढुंगाको पर्खाल लगाई नारायण वाटिका निर्माण गरेको उल्लेख छ ।[32] रानी नायनिकाको इ. पू. प्रथम शताब्दीको नानाघाट गुफा अभिलेखमा संकर्षण, वासुदेव तथा अन्य देवताको स्तुति गरिएको छ ।[33] इस्वी प्रथम शताब्दीका पाञ्चाल नरेश विष्णु मित्रको मुद्रामा चतुर्बाहु मूर्ति अंकित छ ।[34] यसरी प्रथम शताब्दीमा आएपछि त विष्णुको प्रतिमाले मुद्रामा समेत स्थान पाएकोले त्यसबेला वैष्णव धर्मले राजकीय धर्मको रूपमा मान्यता पाइसकेको देखिन्छ । माथिका यी उद्धरणहरूबाट इ. पू. दोस्रो शताब्दीदेखि वैष्णव धर्मलाई राजाहरूको संरक्षण प्राप्त हुनथालेको, विदेशीहरूमा पनि यो धर्म लोकप्रिय रहेको र यसको महत्त्वपूर्ण पक्ष व्यूहवाद भलिभाँति विकसित अवस्थामा रहेको तथ्य स्पष्ट हुन्छ ।

गुप्तकालमा आएर गुप्त सम्राटहरूको संरक्षण र पुरोहित वर्गको सहमतिले वैष्णव धर्मको लोकप्रियता प्रतिष्ठामा अभूतपूर्व बृद्धि भयो ।[35] चन्द्र गुप्त द्वितीयको पालामा विष्णु धर्मोत्तर आदि उप-पुराणहरू लेखिए ।[36] साथै अन्य पुराणहरूमा पनि प्रक्षेपको रूपमा अनेक अंशहरू थपिए। वैष्णव धर्म केवल भारतमा मात्र नभई जावा आदि उपनिवेशमा पनि प्रसार भयो ।[37]

समुद्र गुप्त र चन्द्र गुप्त द्वितीयले 'अप्रतिदथ' भन्ने वैष्णव उपाधि लिएका थिए ।[38] समुद्र गुप्तको धनुर्धर मूर्तिले शार्गिन विष्णुप्रति संकेत गर्दछ ।[39] चन्द्र गुप्त द्वितीय, स्कन्द गुप्त र कुमार गुप्तले 'परम भागवत' उपाधि लिएका थिए ।[40] यसका अतिरिक्त स्कन्द गुप्तले सुवन्धि,[41] कुमार गुप्तले परमदैवत[42] र नरसिंहावतार[43]

२९) सोमनाथ शर्मा-(सं) ''कौटिल्यको अर्थशास्त्र'', प्रथम संस्करण (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०२४), पृष्ठ ६२ ।

३०) राजवली पाण्डे- ''हिष्टोरिकल एण्ड लिटररी इस्क्रिप्सन्स, फष्ट इडिसन, भोलम २३, (वाराणसी: चौखम्बा संस्कृत सिरिज, वि. सं. २०१९), पृष्ठ २४ ।

३१) जायसवाल, उही, नं. (१४), पृष्ठ १७२ ।

३२) त्यही, पृष्ठ ६४ ।

३३) पाण्डे, उही, नं. (३०), पृष्ठ ४८ ।

३४) जायसवाल, उही, नं. (१४), पृष्ठ १७७ ।

३५) त्यही, पृष्ठ १७८ ।

३६) त्यही, पृष्ठ १६५ ।

३७) त्यही, पृष्ठ १७८ ।

३८) त्यही, पृष्ठ १६२ ।

३९) त्यही, पृष्ठ १६२ ।

४०) त्यही, पृष्ठ १६२-१६७ ।

४१) त्यही, पृष्ठ १६४ ।

४२) त्यही, पृष्ठ १६२ ।

४३) त्यही, पृष्ठ १६३ ।

उपाधि पनि लिएका थिए। झाँसीको दशावतार मन्दिर[44] र स्कन्द गुप्तको जुनागढ अभिलेख[45] गुप्तकालको वैष्णव धर्मको विकसित अवस्थाको ज्वलन्त उदाहरण मानिन्छ। त्यस्तै त्रैकुटक महाराज दहुसेन र व्याघ्रसेनले 'परम वैष्णव' उपाधि लिएको कुरा उनका सिक्कामा 'परम वैष्णव' अभिलेख अंकित भएबाट स्पष्ट हुन्छ।[46]

बुध गुप्तको समयको दामोदरपुर ताम्रपत्रमा ऋभुपालल कोकामुख स्वामी र श्वेतवराह स्वामीको निमित्त दुई मन्दिर र दुई भण्डार बनाएको उल्लेख छ।[47] सोही स्थानको अन्य ताम्रपत्रमा अयोध्यावासी अमृतदेवले श्वेतवराह स्वामीको मन्दिरको जीर्णोद्धार र पूजाको लागि जग्गा गुठी राखेको कुरा उल्लेख छ।[48] दिनेश चन्द्र सरकारले वराह पुराणको आधारमा कोकामुख स्वामी र श्वेतवराह स्वामीलाई नेपालको वराहक्षेत्रसंग सम्बन्धित मान्नु भएको छ।[49]

## नेपालमा वैष्णव धर्मको विकास

नेपालको परिप्रेक्ष्यमा हेर्दा यस धार्मिक सम्प्रदायले यहाँ कहिले प्रवेश गर्‍यो स्पष्ट रूपले भन्न सकिन्न। रामायणमा जनकपुरको उल्लेख आएको छ। नरसिंहपुराण अनुसार हिरण्याक्षले पृथ्वीलाई पातालमा पुर्‍याएपछि भगवान् विष्णुले वराहरूप लिई पृथ्वीको उद्धार गरी हिरण्याक्षको वध गरेपछि कोकामुख तीर्थमा वराहरूप त्यागेका थिए।[50] भागवत पुराणमा किराँतहरूले पनि वैष्णव धर्म अपनाउन थालेको कुरा उल्लेख गरिएको छ।[51] नेपालमा लिच्छविहरूले भन्दा अघि किराँतहरूले शासन गरेका थिए।[52] यी किराँतहरूको शासन महाभारतकालदेखि नै शुरू भएको थियो।[53] अत: नेपालमा यी किराँतहरूले पनि वैष्णव धर्म मानेको अनुमान हुन्छ। अंशुवर्माको संवत् ३२ को हाँडीगाउँको अभिलेखमा उल्लेखित किराँत भाषाबाट नाम रहेको भुकभुकिका जलशयन शायद किराँतकालीन जलशयन पो हो कि ? यो कुरा विचारणीय छ। हिमवत्खण्डपुराण[54] तथा नेपाल महात्म्यमा महेन्द्रदमनले उपत्यकालाई पुन: जलमग्न गरिदिएकोले द्वारकाबाट श्रीकृष्ण आई नागहृदको रूपमा रहेको उपत्यकालाई बस्ती योग्य बनाएको उल्लेख

---

४४) त्यही, पृष्ठ १८२।

४५) त्यही, पृष्ठ १९४।

४६) त्यही, पृष्ठ १९५।

४७) त्यही पृष्ठ १७०।

४८) त्यही, पृष्ठ १८८।

४९) त्यही, पृष्ठ १८८।

५०) विहायरूपं बाराहं तीर्थे कोकेति विश्रुते।
वैष्णवानां हितार्थाय क्षत्रं तद्गहा मुत्तमम ॥
नरसिंहपुराण, ३९।१८।

५१) किराँत हूणान्ध पुलिन्द पुल्कसा, आभिरकङ्का यवना: खसादय:
येन्चे च पापा यदुपाश्रयाश्रया: शुध्यन्ति तस्मै प्रभ विष्णवे नम:

५२) ज्ञानमणि नेपाल– नेपाल निरुक्त, प्रथम संस्करण (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०४०), पृष्ठ ७०।

५३) त्यही, पृष्ठ ८।

५४) योगी नरहरिनाथ (सं)-"हिमवत्खण्ड पुराण", प्रथम प्रकाश, (कासी : गोरक्षटिल्ला, वि. सं. २०१३), पृष्ठ ३४३।

छ।[55] नेपाल महात्म्यमा यसै क्रममा श्रीकृष्णका पुत्र प्रद्युम्नबाट फर्पिङका शिखरनारायणको स्थापना गरेको कुरा उल्लेख छ।[56] लैनसिंह वाङ्देलले पाटन चप्रासल हिटीको गजलक्ष्मीको मूर्तिलाई भारतका गजलक्ष्मीका मूर्तिहरूसंग तुलना गरी इसापूर्व पहिलो शताब्दीको मान्नु भएको छ।[57] यसरी पुरातात्त्विक प्रमाणबाट पनि इ. पू. प्रथम शताब्दीदेखि नै नेपालमा वैष्णव धर्मको विकास भएको देखिन्छ।

गोपालराज वंशावली अनुसार मानदेवभन्दा पूर्ववर्ती राजा हरिदत्त वर्माले उपत्यकाको चार शिखरमा चार नारायणको स्थापना गरेका थिए।[58] मानदेवको चांगु गरुडध्वजमा अंकित दोलाशिखर स्वामीको भावबाट चांगुनारायणको स्थापना मानदेवभन्दा धेरै अगाडि भएको देखिन्छ।[59] इचंगुनारायणमा भएको वि. सं. १२३२ को अभिलेखबाट पनि हरिदत्त शर्माले चार नारायणको स्थापना गरेको कुरामा पुष्टि मिल्दछ।[60] जगदीशचन्द्र रेग्मीले हरिदत्त वर्माको समयलाई वि. सं २५०–३०० मान्नु भएको छ।[61]

भारतमा वैष्णव धर्मको चरम विकास गुप्तकालमा भएको हो। त्यस्तै समसामयिक नेपालमा पनि लिच्छविकालमा वैष्णव धर्म भलिभाँति विकसित अवस्थामा थियो भन्ने कुरा अनेक प्रमाणबाट सिद्ध हुन आउँछ। भारतको वेसनगर गरुड स्तंभाभिलेख अनुसार इसापूर्व द्वितीय शताब्दीमा यवन राजदूत होलिओदोरसले देवाधिदेव वासुदेवको गरुडध्वजको स्थापना गरेको कुराको उल्लेख माथि परिसकेको छ। त्यही आदर्श अनुरूप मानदेवले शक संवत् ३८६ मा दोलाद्रि (चांगु) मा गरुडध्वज स्थापना गरी भट्टारक दोलाशिखर स्वामीको वर्षबन्धनको पूजाको लागि जग्गा गुठी राखी दिए।[62] त्यसमा देवताहरूले पूजा गरिरहेका हरि सबभन्दा ठूला हुन् भनी विष्णुको स्तुति गरिएको छ।[63] नेपालमा वैष्णव धर्मको इतिहास केलाउन यो अभिलेख एउटा महत्त्वपूर्ण एवं प्रामाणिक साक्षीको रूपमा रहेको छ।

उनकै शक संवत् ३८९ मा आमा राज्यवतीको पुण्य वृद्धिको लागि तीनगंगा र लाजिम्पाटमा असल राम्रो मन्दिर सहित विष्णु विक्रान्तको सुन्दर मूर्ति

---

५५) मुक्तिनाथ खनाल (अनु)–"नेपाल महात्म्य", प्रथम संस्करण (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०२८), पृष्ठ १०६–१०।

५६) त्यही, पृष्ठ १२९।

५७) लैनसिंह वाङ्देल–"प्राचीन मूर्तिकलाको इतिहास", प्रथम संस्करण, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०३६), पृष्ठ २६।

५८) धनबज्र बज्राचार्य र
कमलप्रकाश मल्ल–"दि गोपालराज वंशावली", फष्ट इडिसन, (काठमाडौं : नेपाल रिसर्च सेन्टर, सन् १९८५), पृष्ठ २८।

५९) धनबज्र बज्राचार्य–"लिच्छविकालका अभिलेख", (काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३०), पृष्ठ १०।

६०) रामजी तेवारी (सं)–"अभिलेख संग्रह", नवौं भाग (काठमाडौं : संशोधन मण्डल, वि सं. २०२०), पृष्ठ २६।

६१) जगदीशचन्द्र रेग्मी–"नेपालको धार्मिक इतिहास", प्रथम संस्करण, (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०३०), पृष्ठ १२७।

६२) बज्राचार्य, उही, नं. (५९), पृष्ठ ९–१३।

६३) त्यही, पृष्ठ नं. ९।

स्थापना गरेका थिए ।[64] उक्त मूर्ति तथा मन्दिर निर्माण गरी राखिएको अभिलेखमा गीतामा भनिए जस्तै सुरमुनी सहित सर्वलोक कनाथम् भनी विष्णुको स्तुति गरिएको-ले त्यसबेला वैष्णव धर्म प्रधान वा राजकीय धर्मको रूपमा रहेको स्पष्ट हुन्छ । कलाकारितामा बेजोड यस्ता सुन्दर मूर्तिको तुलनामा आउन सक्ने खालका मूर्तिहरू भारतमा पनि भेटिएका छैनन् । विष्णु विक्रान्त वामन अवतारको अर्को रूप भएकाले अवतार सिद्धान्तबाट पनि तत्कालीन नेपाल अनभिज्ञ नरहेको तथ्य स्पष्ट हुन्छ ।

मानदेवकै समकालीन गुप्त सम्राट बुध गुप्तको दामोदरपुर ताम्रपत्रमा कोकामुख स्वामी र श्वेतवराह स्वामीको उल्लेख आएको र ती देवताहरू नेपालको वराहक्षेत्रसंग सम्बन्धित भएको कुराको चर्चा माथि परिसकेको छ । वराह क्षेत्रमा स्थित वराहको मूर्तिलाई पनि प्राचीन मूर्ति मानिएको छ । यसैगरी इनरूवामा पनि एउटा नृसिंहको मूर्ति फेला परेको छ । रमेशजंग थापाले यसलाई इसाको चौथो शताब्दीताकाको मान्नु भएको छ ।[65] धनकुटाको डाँडा बजारमा पनि आयुध पुरुष सहितको विष्णुको प्राचीन मूर्ति फेला परेको जानकारीमा आएको छ । यसबाट वैष्णव धर्म केवल काठमाडौं उपत्यकामा मात्र सीमित नरही पूर्वाञ्चलमा पनि लोकप्रिय भैसकेको थियो भन्ने देखिन्छ ।

भारतमा कुमार गुप्त र उनका उत्तराधिकारीहरूले 'परम दैवत' उपाधि लिएका थिए ।[66] जसलाई विद्वान्हरूले वैष्णव उपाधिको रूपमा लिएका छन् । त्यस्तै नेपालमा वसन्तदेवले आफ्ना पिता महिदेवलाई 'परम दैवत' भन्ने विशेषण दिएका छन् ।[67]

हाडीगाउँ सत्यनारायणस्थानको गरुडध्वजमा अंकित भागवत द्वैपायन (व्यास) को स्तुतिमा व्यासलाई 'भागवत' उपाधि दिएको छ ।[68] विष्णुको २४ अवतार-मध्ये व्यासलाई पनि एउटा अवतार मानिएको छ ।[69] गीतामा स्वयं कृष्णले आफूलाई मुनिहरूमा व्यास हुँ भनेका छन् ।[70] हाडीगाउँको उक्त स्तुति गरुडध्वजमा अंकित गरिएको र यसमा बादरायण सूत्रको राम्रो व्याख्या गरिएकोले यसले वैष्णव धर्मको विकासमा ठूलो योगदान दिएको देखिन्छ । यसैगरी शंखमूल सिकुवहीको अभिलेखबाट देश वर्माले 'परम भागवत' उपाधि लिएको देखिन्छ ।[71]

शिवदेव प्रथमको विष्णुपादुका अभिलेखको मंगलाचरणमा वासुदेवले रक्षा गरून् भनिएको छ ।[72] ठिमीको अभिलेखमा गुरोर्वासुदेव शब्द परेको छ ।[73] व्युहवादमा वासुदेव परम देवता हुन् । अतः यसले नेपालमा व्युहवादको विकासबारे छर्लङ्ग्याएको छ ।

संवत् ५२६ को शिवदेव र अंशुवर्माको लेले

६४) त्यही, पृष्ठ ३४–३५ ।

६५) रमेशजंग थापा–'इनरूवाको नरसिंह',"प्राचीन नेपाल", संख्या ४०, (वि. सं. २०३४) पृष्ठ ५७ ।

६६) जयसवाल, उही, नं. (१४), पृष्ठ १६२ ।

६७) बज्राचार्य, उही, नं. (५९), पृष्ठ ९१ ।

६८) त्यही, पृष्ठ १६२ ।

६९) धनबज्र बज्राचार्य– 'लिच्छविकालमा द्वैपायन र वैशम्पायन पूजा', "पूर्णिमा", वर्ष ४, अंक ९, (वि. सं. २०३३), पृष्ठ १२० ।

७०) मुनीनामप्यहं व्यास : कवीनामुशना कवि :
श्रीमद्भागवत गीता, अध्याय १०, श्लोक ३७ ।

७१) बज्राचार्य, उही, नं. (५९), पृष्ठ २११ ।

७२) त्यही, पृष्ठ २१४ ।

७३) त्यही, पृष्ठ ३९२ ।

अभिलेखमा भगवद् वासुदेव ब्राह्मण गोष्ठी र अर्चा गोष्ठीको उल्लेख छ ।[74] अर्चाको अर्थ मूर्ति हो तापनि विशेष गरेर यो शब्द विष्णुको श्रीविग्रहको रूपमा वैष्णव धर्ममा बढी प्रचलित छ ।[75] अहिर्बुध्न संहिता अनुसार पञ्चरात्रको पाँच तत्वमध्ये अर्चा पनि एक हो ।[76]

मानदेवको समयमा वैष्णव धर्म राजकीय धर्मको रूपमा थियो तर अंशुवर्माले 'पशुपति भट्टारक पादानुगृहितो' उपाधि लिई शैव धर्मलाई बढी प्रश्रय दिइएकोले धार्मिक सहिष्णुताको नीति अनुरूप चांगुनारायणको सुनको कवच र गरुडको जीर्णोद्धार गरे तापनि[77] उनको संवत् ३२ को हाडीगाउँ अभिलेखमा दोला शिखर स्वामी दोस्रो नम्बरको देवतामा परेकोले[78] त्यसताका वैष्णव धर्मलाई शैव धर्मले ओझेल पारेको जस्तो देखिन्छ ।

भीमार्जुनदेव र विष्णु गुप्तको संवत् ५७ को थानकोट अभिलेखको मंगलाचरणमा विष्णुको स्तुति गरिएको छ ।[79] भीमार्जुनदेव र विष्णु गुप्तको संवत् ६४ को यङ्गाल हिटी र संवत् ६५ को भृङ्गारेश्वरको अभिलेखमा विष्णुको जलशयन मूर्ति निर्माण गरेको उल्लेख छ ।[80] यसमा उल्लेखित मूर्ति हाल बूढानीलकण्ठको मूर्ति हो भन्ने विद्वान्हरूको विचार छ । भाषा वंशावली-मा विष्णुगुप्तले सन्तानको कामना गरी फर्पिङ्ग नृसिंह-नारायणमा विष्णुको मूर्ति निर्माण गरी स्थापना गरेको उल्लेख छ ।[81] यसैगरी गोपालराज वंशावलीमा विष्णु-गुप्तले वागमतीको तटमा अम्मना छोराहरूसहित आफ्नो विष्णु स्वरूपको मूर्ति बनाई स्थापना गरेको उल्लेख छ ।[82] यसबाट आभिर गुप्तहरूको बोलवाला भएपछि पुनः वैष्णव धर्म फष्टाएको देखिन्छ ।

नरेन्द्रदेवको अनन्त लिंगेश्वर अभिलेखमा लोक-पाल स्वामीको पूजाको लागि कुलपति नियुक्त गरिएको छ । उक्त अभिलेखमा वराह यात्रा र पूजाको अवसरमा देवदास दाशीद्वारा नाच, कीर्तन गर्ने र पूजा एवं यात्रा-को अवसरमा ध्वजापताकाहरू उत्थान गरिने उल्लेख छ ।[83]

पतञ्जलीको महाभाष्यमा राम, केशव आदि वैष्णव मन्दिरहरूमा अनेर बाजाहरू बजाउने कुरा उल्लेख छ ।[84] नरेन्द्रदेवको उपर्युक्त अभिलेखको विवरणबाट नेपालमा वैष्णव देवताहरूको पूजा र यात्रा धूमधामसंग हुन्थ्यो भन्ने देखिन्छ ।

चाबहिल कुटुवहिल र चांगुनारायण स्थानको विश्वरूपका मूर्तिलाई अध्ययन गर्दा गीतामा उल्लेखित विश्वरूपको आदर्श अनुसारका मूर्तिहरू नेपालमा बनेको देखिन्छ । त्यस्तै लिच्छविकालीन धूमवराहको सजीव मूर्ति र कालियदमनका मूर्तिहरूले लिच्छविकालीन नेपालमा वैष्णव धर्मको लोकप्रियता र व्यापकता स्पष्ट्याउछ ।

---

७४) त्यही, पृष्ठ २८३ ।

७५) त्यही, पृष्ठ २८७ ।

७६) जायसवाल, उही, नं. (१४), पृष्ठ ४१ ।

७७) बज्राचार्य, उही, नं. (५९), पृष्ठ ३१७ ।

७८) त्यही, पृष्ठ ३२० ।

७९) त्यही, पृष्ठ ४३३ ।

८०) त्यही, पृष्ठ ४४२, ४४८ ।

८१) नयनाथ पौडेल (सं)– "भाषा वंशावली", (काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय, वि. सं. २०२०), पृष्ठ ८१ ।

८२) बज्राचार्य र मल्ल, उही, नं. (५८), पृष्ठ ३० ।

८३) बज्राचार्य, उही, नं. (५९), पृष्ठ ५८५–८६।

८४) जायसवाल, उही, नं. (१४), पृष्ठ १४८ ।

मध्यकालमा पनि वैष्णव धर्म उत्तिकै लोकप्रिय-रूपमा रहेको कुरा तात्कालिक प्रमाणहरूबाट स्पष्ट हुन्छ। पृथ्वीमल्लको वि. सं. १४१५ को एउटा ताम्रपत्रमा हरिशङ्करी यात्राको उल्लेख आएकोले सुदूर पश्चिमाञ्चल नेपाल पनि वैष्णव धर्मबाट अक्षुण्ण रहन सकेको थिएन भन्ने पुष्टि हुन्छ।[85] मुक्तिनाथलाई वैष्णव क्षेत्रको रूपमा विकास गर्नलाई जुम्लाक कल्याल राजाहरूको पनि निकै हात थियो। भक्तपुर तीलमाधव स्थान अगाडि रहेको वि. सं १२२० (ने. सं. २८३) को अभिलेखबाट यस कालमा पनि गरुडध्वज स्थापना गर्ने परम्परा कायमै रहेको देखिन्छ।[86] वि. सं १२३३ (ने. सं. २९६) को चांगु अभिलेखमा विष्णुको पूजाको वर्णन छ।[87] वि. सं. १२५६ (ने. सं. ३२०) माघको विजय कामदेवको इचंगु अभिलेखले मध्यकालमा वैष्णव धर्मको स्थान राम्रो रहेको देखिन्छ।[88] वि. सं. १२९९ (ने. सं ३६२) मा लेखिएको महिरावण वध नाटकबाट जयारिमल्लले 'परम वैष्णव' उपाधि लिएको देखिन्छ।[89] वि. सं. १२९१ (ने. सं ४५५) मा लेखिएको अगस्त्य संहिता अनुसार फर्पिङ्गका शासक जैतसिंहले 'संग्राम नारायण' लिएका थिए।[90] जयस्थितिमल्लले 'असुरनारायण', धर्ममल्लले 'वीरनारायण' र ज्योतिर्मल्लले 'दैत्यनारायण' उपाधि लिएका थिए।[91] वि. सं. १४७७ (ने. सं. ५४१) मा शक्ति पुरुषोत्तमको स्थापना गरी १२ वर्ष लगाएर फर्पिङ्गका शासक शक्तिसिंह समेतले भव्य मन्दिर निर्माण गरेका थिए।[92] महेन्द्रमल्लले वि. सं. १६१९ मा हनुमान्ढोका दरबारको प्रांगणमा चतुर्मूर्ति विष्णुको प्रस्तर प्रतिमा स्थापना गरी मन्दिर बनाइदिए।[93] उक्त मन्दिर हाल जगन्नाथ देवल नामले प्रसिद्ध छ। प्रताप-मल्लले भारतको जगन्नाथपुरीको दर्शनार्थ जगन्नाथको स्थापना गरे।[94] यसका अतिरिक्त वि. सं १७१४ मा विश्वरूप,[95] वि. सं. १७२९ मा दरबार अगाडि हनुमान् र वि. सं. १७३० मा नासलचोकमा नृसिंहको मूर्ति स्थापना पनि प्रतापमल्लले गरे।[96] तर त्यसबेलाको वैष्णव धर्म तन्त्रमार्गबाट ग्रसित थियो भन्ने कुरा चांगु-नारायणको लिच्छविकालीन विश्वरूप र प्रतापमल्लले बनाउन लगाएको विश्वरूपको मूर्तिको तुलनात्मक अध्ययनबाट सिद्ध हुन्छ। प्रतापमल्लले बनाएको हनुमान्ढोका राजदरबारको मोहन चोकमा भागवतपुराणमा उल्लेखित विष्णुका विविध पराक्रमलाई दर्शाउने खालका मूर्तिहरू सजाइएका छन्।

---

८५) भीमप्रसाद श्रेष्ठ (स)–"कर्णाली प्रदेश एक विटो अध्ययन", पहिलो संस्करण, (काठमाडौं : सामाजिक अध्ययन समुदाय, वि. सं २०२८), पृष्ठ ९।

८६) रेग्मी, उही, नं. (६१), पृष्ठ १३६।

८७) त्यही, पृष्ठ १३६।

८८) तेवारी, उही, नं. (६०), पृष्ठ २६।

८९) डिल्लीरमण रेग्मी– 'मिडियभल नेपाल", पार्ट १, (कलकत्ता : फर्मा के. एल. मुखोपाध्याय, सन् १९६५), पृष्ठ ५५४।

९०) त्यही, पृष्ठ ४१०।

९१) त्यही, पृष्ठ ५५४।

९२) परिशिष्ट १।

९३) गौतमबज्र बज्राचार्य– "हनुमान्ढोका राजदरबार", (काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३३), पृष्ठ १८।

९४) त्यही, पृष्ठ ६६।

९५) त्यही, पृष्ठ २२।

९६) त्यही, पृष्ठ २३।

पाटनका राजा सिद्धिनरसिंहमल्लले वि. सं. १६९३ (ने. स. ५५७) मा कलात्मक कृष्ण मन्दिर बनाई राधा कृष्ण स्थापना गरी दशावतारका मूर्तिहरू समेत कुँदाइ मध्यकालमा वैष्णव धर्मको इतिहासमा ठूलो योगदान दिए।[97] त्यही बेला गोरखाका राजा रामशाहले मुरलीधरनारायणको मन्दिर निर्माण गरी वैष्णव धर्ममा आफ्नो आस्था देखाएका थिए।[98]

सेनहरूले पनि रूपनारायणेत्यादि उपाधि लिएका थिए।[99] यसकासाथै सेनहरूले पश्चिम नेपाल, विशेषत: शालिग्रामी कृष्ण गण्डकीको तटलाई वैष्णव क्षेत्रको रूपमा विकसित गराएका थिए।

शाहकालमा पनि यो परम्परा कायमै रह्यो। रणबहादुर शाहले केन्द्रीय कारागारदेखि पूर्वपट्टि राजदूत शैलीमा जगन्नाथको मन्दिर निर्माण गरे।[100] वि. सं. १८३९ मा अमरसिंह थापाले जनकपुरमा सीता, राम र लक्ष्मणका मन्दिर बनाए।[101] इस्वीको १९०० तिर जनकपुरमा जानकीको प्रख्यात र विशाल मन्दिर निर्माण भयो। यो मन्दिर भारतको टिकमगढ 'रियासत' की महारानी वृषभानु कुमारीले बनाएकी हुन्।[102] जंगबहादुर राणाले पशुपति मृगस्थलीमा राजपुत शैलीमा विश्वरूपको मन्दिर निर्माण[103] गराउनुका साथै त्रिपुरेश्वर कालमोचन घाटको प्रसिद्ध सत्यनारायण मन्दिर पनि बनाए।[104]

यसरी प्राचीनकालमा नै नेपालमा वैष्णव धर्म भलीभाँति विकास भै मध्य तथा शाहकालमा पनि यथावत रूपमा कायम रहँदै आएको देखिन्छ।

## नेपालमा वैष्णव धर्मको विकासमा शिखरनारायणको भूमिका

फर्पिङ्गको शिखरनारायण नेपालको एउटा महत्त्वपूर्ण वैष्णव हो। कामधेनु (गाई) को आज्ञाबाट विष्णु (कृष्ण) ले गोपालेश्वर लिंग स्थापना गरेको र गोपालेश्वरको आज्ञाबाट विष्णु (कृष्ण) ऋक्षवान पर्वत (शिखरनारायण रहेको स्थान) मा रहेको भन्ने हिमवत्-खण्डपुराणको कथन[105] र श्रीकृष्णका छोरा प्रद्युम्नले शिखरनारायणको स्थापना गरेको भन्ने नेपाल महात्म्य तथा भाषा वंशावलीको कथनबाट गोपालकालमा नै शिखरनारायणले वैष्णव तीर्थको रूपमा प्रसिद्धि पाइसकेको बुझिन्छ। किरातकालमा पनि यस भेकमा थुप्रै बस्तीहरू बसिसकेको बुझिन्छ।[106] अर्को कुरा, शिखरनारायण

९७) डिल्लीरमण रेग्मी–"मिडियभल नेपाल" पार्ट २, (कलकत्ता : फर्मा के. एल. मुखोपाध्याय सन् १९६६), पृष्ठ २७२।

९८) धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ–"शाहकालका अभिलेख", (काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३७), पृष्ठ ११।

९९) शंकरमान राजवंशी (सं)–"सेन वंशावली", (काठमाडौं : वीर पुस्तकालय, वि. सं. २०२०), विविध पृष्ठ।

१००) जगदीशचन्द्र रेग्मी–"शाहकालीन कला र वास्तुकला", प्रथम संस्करण, (काठमाडौं : साझा प्रकाशन, वि. स. २०३३), पृष्ठ १७१–१७२।

१०१) त्यही, पृष्ठ १६१।

१०२) त्यही, पृष्ठ २४८।

१०३) त्यही, पृष्ठ २२२–२३।

१०४) त्यही, पृष्ठ २३१–३२।

१०५) उही, नं. (५४), पृष्ठ २३१–२३३।

१०६) उद्धव आचार्य– 'फर्पिङ्गको ऐतिहासिक परिचय' "प्राचीन नेपाल" संख्या ९८–९९, (पुरातत्त्व विभाग, वि. स. २०४३–०४४), पृष्ठ १६।

विराजमान भएको पर्वत फर्पिङ्ग शब्दको पहिलो रूप फणपिंगुमा पिंगु भन्ने किराँत भाषा पनि प्रयुक्त भएको छ।[107] किराँतहरूले पनि वैष्णव धर्म अंगीकार गरेका थिए भन्ने कुरा भागवतपुराणबाट थाहा पाइन्छ। यी कुराहरूको वर्णन माथि नै परिसकेको छ। यी कुराहरूको आधारमा किराँतहरूद्वारा पनि फणपिंगु अथवा फर्पिङ्गस्थित शिखरनारायण पूजित थिए भन्ने देखिन्छ। विद्वान्हरूले पशुपति आर्यघाटस्थित विरूपाक्षको मूर्तिलाई किराँतकालीन पशुपतिको मूर्ति मनेका छन्। लिच्छविहरूको प्रवेशपछि मात्र पशुपतिमा मुर्खलिंग स्थापना भएको विश्वास गरिन्छ। यसै गरी शिखरनारायण मन्दिरस्थित नृसिंहनारायण भनिने शिलाको स्वयंभू मूर्ति किराँतकालीन शिखरनारायणको मूर्ति हुन सक्छ। यहाँ पनि लिच्छविहरूको नेपाल आगमन भएपछि हरिदत्त वर्मा आदिले नारायणको चतुर्बाहु मूर्ति स्थापना गरेर मन्दिर बनाएको हुन सक्छ। यसरी फर्पिङ्गका शिखरनारायणको इतिहासमा वैष्णव धर्मको विकासको श्रृङ्खलालाई राम्ररी पहिचान गर्न सकिन्छ। नेपालमा देवीदेवताका यात्राको इतिहासमा फर्पिङ्ग शिखरनारायण (हरिशंकर) यात्राले सर्व प्राचीन स्थान ओगटेको छ।[108] फर्पिङ्ग गोरखनाथको गुफा भएको भीरलाई तिब्बती भाषामा असुरहि ट्हाग (असुरहरूको भीर) भनिन्छ। अघि शिखरनारायणको यात्रामा देवताका खटहरू राक्षस वा असुरहरूले बोक्दथे भन्ने विश्वास गरिन्छ।[109] यात्राको अवसरमा गोरखनाथ गुफानेर गएर बाजा बजाई असुरहरूलाई आह्वान गरिन्थ्यो र असुरहरू आई खट बोकी दिन्थे भन्ने अनुश्रुति छ। यहाँ राक्षस अथवा असुर शब्दले अनार्य किराँतहरूलाई लक्ष्य गरेको बुझिन्छ। असुर वा किराँतहरू शिखरनारायणको खट बोक्न आउँथे भन्ने किंवदन्तीले विष्णुको शरणमा आए भन्ने भागवतपुराणको आख्यानलाई संझाउँछ। यस कुराले शिखरनारायणको माध्यमबाट त्यहाँका किराँतहरूमा वैष्णव धर्मको प्रचार प्रसार भएको तथ्यलाई बुझाउँछ।

शिखरनारायण स्वयं एउटा वैष्णव तीर्थ हो भने बौद्ध धर्मावलम्बीहरूमा शिखरनारायण विष्कम्भि वेतराग अथवा फणिकेश्वर वेतरागको नामबाट प्रसिद्ध छ।[110] आठौं शताब्दीका बज्रयानका प्रख्यात आचार्य पद्मसंभवले मन्दिरसंगैको गुफामा बसी तपस्या गरेको विश्वास गरिन्छ।[111] आजसम्म पनि पद्मसंभवले तपस्या गरेको याङलेश्वर भनेर तिब्बती बौद्ध धर्मावलम्बीहरू र फनिकेश्वर वेतराग भनेर नेपाली बौद्ध धर्मावलम्बीहरूमा शिखरनारायण प्रख्यात छन्। शिखरनारायणमा चामुण्डा पिठ स्थापना गरिएकोले शाक्तहरूमा पनि यसको उत्तिकै महत्त्व छ। यसरी शिखरनारायणले नेपालको धार्मिक सहिष्णुता अथवा सर्वधर्म समन्वयको राम्रो उदाहरण प्रस्तुत गर्दछ।

वैष्णव धर्मले पराक्रमी राजा, जनप्रिय नेता, लोकप्रिय देवता आदि जनताका श्रद्धाका केन्द्रहरू सबैलाई स्वयं विष्णु अथवा विष्णुको अवतार मानेर आफ्नो धर्मको क्षेत्रलाई व्यापक बनाएको छ। यसो भएर नै यवन, किराँत, हुण, खस आदि जातिमा पनि यो धर्मले लोकप्रियता प्राप्त गर्न सक्यो, जुन कुरालाई वैष्णव धर्मको महत्त्वपूर्ण विशेषता मान्न सकिन्छ। यसरी नै शिखरनारायण क्षेत्रमा पनि शैव, शाक्त, बौद्ध आदि विविध सम्प्रदायलाई स्थान दिएर सर्वधर्म समन्वयको आदर्शलाई दर्शाउँदै नेपालमा वैष्णव धर्मको विकासमा महत्त्वपूर्ण योगदान दिंदै आएको छ।

---

१०७) त्यही, पृष्ठ १४–१५।

१०८) उद्धव आचार्य–'फर्पिङ्गको हरिशंकर यात्रा' "प्राचीन नेपाल", संख्या १००, (पुरातत्त्व विभाग, वि. सं. २०४४), पृष्ठ २९।

१०९) त्यही, पृष्ठ २९।

११०) हेमराज शाक्य–"स्वयंभू महाचैत्य" (काठमाडौं : स्वयंभू विकास मण्डल, ने. सं. १०९८), पृष्ठ ४९२।

१११) सूर्यविक्रम ज्ञवाली–'नेपाल उपत्यकाको मध्यकालीन इतिहास', प्रथम संस्करण, (काठमाडौं : रायल नेपाल एकेडेमी, वि. स. २०१९), पृष्ठ २५१।

## परिशिष्ट नं. १

### फर्पिङ्ग थथेयटोलको अभिलेख

फर्पिङ्ग थथेयटोल नारायण डबलीबाट कोथेय टोलतर्फ लाग्दा बायाँतर्फ रहेको पाटीमा यो शिलापत्र रहेको छ। शिलापत्र कुँदिएको भागको लम्बाइ १'१/२" चौडाइ ८३/४" छ।

मूलपाठ

१) ॐ नमः श्री शक्ति पुरूषोत्तमाय। संसारयस्य कुक्षौ वसति निरूपमं स्वर्ग्गम—

२) त्ये च नागं दुल्लेक्ष यस्य मूर्तिर्गमम मिव सयो योगिनां ज्ञान गम्यय् त्रैलो—

३) क्यं व्यारि देहो विविधतनुधृतो मत्स्य कुर्म्मादिरूपं सौर्य देवो मुरारिर्ज्जद द्व—

४) नुपुरी नित्य मुर्ध्ना नमामि ।। श्री नेपाल मण्डले ।। परम भट्टारक परमेश्वर महा—

५) राजाधिराज श्री श्री मज्जयज्योतिमल्ल देवस्य विजयराज्ये ।।०।। श्री शिखर पत्तने—

६) श्री रामसिंहः सुरकी कुलेशः श्री धर्म्म सिंहो भुवनैक वीरः श्री देव सिंहारिपुह—

७) स्ति सिंहः श्री नाथ सिंहो मदनावतार : ।। श्री श्री गोपालेश्वर चरण पारायण श्री श्री

८) मत्तिल व्रह्मेश्वराधन तत्पर श्री श्री शिखर नारायण चरण सेवित सुरकी वशा

९) वतंस सर्व्व श्री राउत्तरः समज्यमान राज्ये ।।०।। सेनात्मजा तादृशलोविकानां सद्रापि

१०) नीनां च शिरोमणिमि। लोको पकारी कणकः प्रवर्षी श्री जेतलक्ष्मी भुवनै प्रसिद्धा।

११) चंद्रानता विशालाक्षी वितोष्ठी चारू भाषिता। जैतलक्ष्मी ति विख्याता देवसिहस्य

१२) वल्लभा ॥ तस्यानुजोस्ति गुणसागर कृष्णमूर्ति : सत्कीर्ति कांतिकुमुदोज्वल शोभमानः

१३) गांभीर्यसागर समो भूवनेषु धीरः श्री शक्ति सिंहनृ- पवीर महागुणस :।। की

१४) ति लक्ष्मीप्रिया तस्य गर्भाधान भवेत तय। ।
दशमेमास संपूर्ने सुषुवे च कुमारकम। आनं-

१५) द परमं लय पितामात्रा जनास्तशा। श्री यस की- तिसीहेति कृतां नामावधारणम् ।।

१६) एवं महोत्सवे काले मासैक च गते सति। सुजन पीडितोवाल गतोसौ विष्णुमं—

१७) दिरम। तमुद्धिस्य कृतंदेव वालस्य प्रतिविंवकम पाषाण निर्मित देवं श्री शक्तिपु—

१८) रुषोत्तमम् ।। स्थापितं रक्षा कांनेतु कृत्वा यज्ञं चतुद्दिनम्। प्रतिष्ठितं तु विधिना सम्पूर्ण

१९) कृतयज्ञकः। चन्द्रे विरिचिवदने विशिषे गतेद्वे माघे शिते विधि तिथौ वसुदेवता : मे।

२०) सच्छद्धियोग वस्के रविवार मुख्ये संस्थापितं च विधिना पुरूषोत्तमतु ।। इति श्री शक्ति

२१) पुरूषोत्तम स्थापनम्।।०।। ततोयित्वं विश्वकर्मं देहली योज्य भूमिकम विधिना स्था-

२२) पितां द्वारं यज्ञं कृत्वा दिनैककम्। हस्ते च भूतहर- वर्क्केपि मासे तथा कृष्णक वहि ति—

२३) थ्याम्। मं चोत्तरः फाल्गुण शुलयोगे सूर्य दिने स्थापित द्वारकं तु इतिद्वार स्थापन—

२४) म् ।।०।। विश्वकर्म्माविकालोकै काष्ट तु योजितं पुनः यज्ञं कृत्वा दिनैकं च तुलिकांतु

२५) प्रतिस्थितम्। यक्षे च वाणेन्द्रिय वत्सुरेनु मासे तथा फाल्गुण चाष्टमीके। म ज्येष्ठयुक्तं तनु

२६) शुद्धियोगे मानोद्धिने तु चुलिकां पुरोप्य।। इति चुलिकां स्थापनम् ।।०।। परमभट्टार—

२७) कपरमेश्वर महाराजाधिराज श्री श्री यज्जय यक्ष मल्लदेवस्य विजयराज्ये ।।०।। सि

२८) द्धि कृत्वा तु सत्वलच्छादितं श्रृंखलेवच। सुवर्ण्ण- कलशकं तु विधिना च प्रतिष्ठिताम्।

२९) पुर कृष्णयेरिकेन यज्ञं कृतदिनाष्टकं जैतलक्ष्मी वधूर्द्व च शक्तिसिंहो नृपस्तयो। ज्योति—

३०) सिंहः कुमारश्च संपूर्ण कृत यज्ञकम्। कः नेत्रैसर भूतपुते गतेङण्दे राद्योशिते षष्ट

३१) तिथौ शिवक्षे सूर्यदिने सुकर्म योग मुख्ये स्वर्णध्वजा रोपित विष्णुहर्म्यै शुभमस्तु सर्वजगतामिति ।।

## अनुवाद

श्री शक्ति पुरुषोत्तमलाई नमस्कार। जसको पेट-भित्र स्वर्ग पृथ्वी पाताल तीनै लोक रहेका छन्, यसको दर्शन दुर्लभ छ, आकाश जस्तो, योगीहरूले मात्र ज्ञानद्वारा जानिने तीनलोक ढाक्ने जीउ भएका, माछा कछुवा आदि अनेक अवतार लिएका त्यस्ता देवता श्री कृष्णलाई सधैं ढोग्दछु। श्री नेपालमण्डलमा परमभट्टारक परमेश्वर महाराजाधिराज श्री श्री जयज्योति मल्लको विजय राज्यमा श्री शिखरपत्तन (फर्पिङ्ग) मा

सुरंकी कुलका मालिक श्री रामसिंह, वीर श्री धर्मसिंह शत्रुलाई खत्तम पार्ने श्री देवसिंह कामदेवका अवतार भएका श्री नाथसिंह।

श्री श्री गोपालेश्वरको पाउको सेवा गर्ने श्री श्री लीलब्रह्मेश्वरको सेवामा लागेका श्री श्री शिखरनारायणको पाउको सेवा गरेका सुरंकी कुलका गहना जस्ता सबै राउत्तहरूले पालना गरिएको राज्यमा ॥

सेनराजाकी छोरी श्री जैतलक्ष्मी ..... आइमाइ-हरूमा शिरोमणि, लोकको उपकार गर्ने, सुनदान दिने नाउँ चलेकी छिन्। चन्द्रमा जस्तो राम्रो अनुहार भएकी ठूलो आँखा भएकी, गोलकांक्री जस्तो ओठ भएकी, राम्रो बोली वचन भएकी, जैतलक्ष्मी देवसिंहकी पत्नी हुन्।

तिनका (देवसिंहका) भाइ शक्तिसिंह गुणी, असल, कीर्ति फैलिएका, गम्भीर, धीर राजाहरूमा श्रेष्ठ छन्।

तिनकी पत्नी कीर्तिलक्ष्मी हुन्। तिनको गर्भाधान भयो। दश महीना पूरा हुंदा तिनीले छोरा जन्माइन्। आमाबाबु र अरू मानिसहरूलाई ठूलो आनन्द भयो। दश कीर्तिसिंह भन्ने नाम राखियो। यसरी ठूलो उत्सव-साथ एक महीना बितेपछि बिरामी भई सो केटाको मृत्यु भयो। सोही केटोलाई लख गरी शक्ति पुरुषोत्तमको ढुंगे मूर्ति स्थापना गरियो। प्रतिष्ठा गर्दा चार दिनसम्म यज्ञ गरिएको थियो।

ने. सं. ५४१ (वि. सं. १४७७) माघ शुक्ल-तिथि घनिष्ठा नक्षत्र शुद्धियोग, आदित्यवारको दिन विधिपूर्वक पुरुषोत्तमको स्थापना गरिएको हो। श्री शक्तिपुरुषोत्तम-को स्थापना गरिएको कुरा सिद्धियो। त्यसपछि क्रमशः मन्दिर बनाउने कालीगडी काम हुन थाल्यो। एकदिन यज्ञ गरी ढोका हालियो। ने. सं ५५१ (वि. सं. १४८७) माघ कृष्ण प्रतिपदा उत्तर फाल्गुनी नक्षत्र, मूल-योग आदित्यवारको दिन ढोका हालिएको हो। ढोका हालेको कुरा सिद्धियो। सिकर्मी आदिहरूले परमभट्टारक परमेश्वर महाराजाधिराज श्री श्री मज्जय यक्षमल्ल देवको विजय राज्यमा सिद्ध गरेर छाना हालिएको हो। सुनको गजूर पनि विधिपूर्वक चढाइयो। आठ दिनसम्म यज्ञ गरियो। शक्तिसिंह राजा जैतलक्ष्मी र कुमार ज्योति-सिंह भैकन यज्ञ सम्पूर्ण गरिएको हो।

ने. सं. ५५२ (वि. सं. १४८९) वैशाख शुक्ल षष्ठि आइतवार आदिनक्षत्र सुकर्मायोग आदित्यवारको दिन विष्णुको मन्दिरमा सुनको ध्वजा चढाइयो।

सारा संसारको कल्याण होस्।